# नोभल कोरोना भाइरस COVID-19 बारे टोक्यो महानगरपालिकाले अनुरोध गर्दछ

○ टोक्यो महानगरपालिकामा भएको आपतकालीन स्थितिको घोषणा सिद्धियो।
○ साथै नोभल कोरोना COVID-19 बाट सङ्क्रमण हुने व्यक्तिको सङ्ख्या बढ्यो भने खतरनाक हुन्छ। खतरा छ।
○ टोक्यो महानगरपालिकाले रिबाउन्डिङ रोक्न उपायहरू अपनाउनेछ।
हाल महत्त्वपूर्ण कुरा भनेको नोभल कोरोना COVID-19 को सङ्क्रमण हुनेहरूको सङ्ख्या बढ्न नदिनु हो।
○ नोभल कोरोना COVID-19 हुन नदिन आफ्नो जीवनशैली परिवर्तन गर्नुहोस् भन्ने अनुरोध छ ।

**कहिलेदेखि कहिलेसम्म**

अक्टोबर 1 तारिख (शुक्रबार) बिहानको ० बजेदेखि अक्टोबर 24 तारिख (आइतबार) राति 12 बजेसम्म

**अनुरोध**

**टोक्योका बासिन्दाहरू**

○ धेरै मान्छे हुने समयमा वा धेरै मान्छे भएको ठाउँमा नजानुहोस्।
○ यात्रा वा व्यापारले गर्दा टोक्योमा आवतजावत गर्दा विशेष सावधानी अपनाउनुहोस्।
○ रेस्टुरेन्टहरू आदि राति 9 बजे बन्द हुन्छ।
○ बाटो वा पार्कमा भेला भएर मदिरा सेवन नगर्नुहोस्।

**पसल सञ्चालकहरू**

पसल खुल्ला राख्ने समय छोटो पार्ने, इभेन्ट आदिबारे अनुरोध
※अर्को पानामा हेर्नुहोस्।

一般財団法人
東京都つながり創生財団
Tokyo Metropolitan Foundation "TSUNAGARI"

# अनुरोध गरिने सुविधाहरू (रेस्टुरेन्ट·कफि सप आदि)


| सुविधा | अनुरोध गरिने कुराहरू |
|---|---|
| रेस्टुरेन्ट<br><br>मनोरञ्जन सुविधा आदि | ◎ "विस्तृत परीक्षण र TOKYO सपोर्ट" प्रोजेक्टबाट "सङ्क्रमण रोकथामको लागि विस्तृत परीक्षणको प्रमाणपत्र※" प्राप्त भएर पसलको अगाडि टाँसिएको पसल<br>·पसल खोल्न सकिने समय: बिहान 5 बजेदेखि राति 9 बजेसम्म<br>·एउटा समूहमा जम्मा 4 जनाले एउटै टेबुल प्रयोग गर्न सक्छन्।<br>·बिहान 11 बजेदेखि राति 8 बजेसम्म, मदिरा उपलब्ध गराउन सकिन्छ र ग्राहकहरू आफैले मदिरा लिएर आउन सक्छन्।<br><br>× "सङ्क्रमण रोकथामको लागि विस्तृत परीक्षणको प्रमाणपत्र※" प्राप्त नभएको / पसलको अगाडि नटाँसिएको पसल<br>·पसल खोल्न सकिने समय: बिहान 5 बजेदेखि राति 8 बजेसम्म<br>·मदिरा उपलब्ध नगराउनुहोस्। ग्राहकहरू आफैले मदिरा लिएर आउन पनि सक्दैनन्। |
| ब्याङ्कट हल<br><br>(विवाह हल) | ● काराओके भएको पसल<br>रेस्टुरेन्ट र कफि पसल: काराओके प्रयोग नगर्नुहोस्।<br>रेस्टुरेन्ट र कफि पसलको अलावा: एउटा कोठामा धेरै जना भेला नहुनुहोस्।<br>सधैँ सफा हावा पास हुन दिनुहोस्।<br>नोभल कोरोनाबाट सङ्क्रमण हुनदेखि सावधानी अपनाउनुहोस्। |


※



# अनुरोध गरिने सुविधाहरू (रेस्टुरेन्ट･कफि सप आदि)

| सुविधा | अनुरोध गरिने कुराहरू |
|---|---|
| रेस्टुरेन्ट<br>मनोरञ्जन सुविधा आदि<br>ब्याङ्कट हल (विवाह हल) | ･पसलमा काम गर्नेहरू चाहिँ सम्भव भएसम्म PCR जाँच गर्नुहोस्।<br>･पसलमा प्रवेश गर्ने मानिसहरूको सङ्ख्या कम गराउनुहोस्।<br>･ज्वरो आएको मानिसलाई पसलमा प्रवेश गर्न नदिनुहोस्।<br>･आफ्नो हात सधैँ सफा बनाउन सक्ने उपाय मिलाउनुहोस्। किटाणुमुक्त राख्नुहोस्।<br>･काम गर्ने ठाउँ सधैँ सफा राख्नुहोस्। किटाणुमुक्त गर्नुहोस्।<br>･पसलमा प्रवेश गर्नेहरूलाई अनिवार्य रूपमा मास्क लगाउन अनुरोध गर्नुहोस्।<br>･ज्वरो आएको मानिस, मास्क नलगाएको मानिस, हातलाई किटाणुमुक्त नगर्ने मानिसलाई पसलमा प्रवेश गर्न नदिनुहोस्।<br>･पसलमा कोही मास्क नलगाइकन बोल्छ, ठूलो आवजमा बोल्छ वा नजिक आएर बोल्छ भने उसलाई पसलबाट निस्कन अनुरोध गर्नुहोस्।<br>･पसलमा सफा हावा सधैँ पास हुन दिनुहोस्।<br>･कुराकानी गर्दा नोभल कोरोनाबाट सङ्क्रमण हुन नदिन आफू बसेको सिटलाई टाढा सार्ने वा अनुहार-अनुहारको बिचमा पार्टिसन राख्ने आदि गर्नुहोस्।<br>･"व्यवसायको निर्देशन" पछ्याउनुहोस्। |






# अनुरोध गरिने सुविधाहरू (पसल)

| सुविधा-उदाहरण | अनुरोध गरिने कुराहरू |
| --- | --- |
| डिपार्टमेन्ट स्टोर· सपिङ सेन्टर आदि (दैनिक जीवनको लागि आवश्यक सामानहरू बेच्ने ठाउँको अलावा) | ● पसल खोल्न सकिने समय: बिहान 5 बजेदेखि राति 9 बजेसम्म<br>● मदिरा उपलब्ध नगराउनुहोस्।<br>● ग्राहकले पसलमा मदिरा लिएर आउन सक्दैन।<br>● कारावके भएको पसल<br>·एउटा कोठामा धेरै जना भेला हुन नदिनुहोस्।<br>·सधैँ सफा हावा पास हुन दिनुहोस्।<br>·नोभल कोरानाबाट सङ्क्रमण हुन नदिन सावधानी अपनाउनुहोस्। |
| पाचिन्को पसल, गेम सेन्टर आदि | |
| व्यक्तिगत कोठा भएको बाथ व्यवसायसँग सम्बन्धित पब्लिक बाथहाउस, व्यक्तिगत कोठा भएको भिडियो पसल आदि | |
| सुपर पब्लिक बाथ, सोन्दर्य सेवा उद्योग आदि | |

# अनुरोध गरिने सुविधाहरू (पसल)

<table>
<tr><th>सुविधा-उदाहरण</th><th>अनुरोध गरिने कुराहरू</th></tr>
<tr><td>डिपार्टमेन्ट स्टोर·<br>सपिङ सेन्टर आदि<br>(दैनिक जीवनको लागि आवश्यक सामानहरू बेच्ने ठाउँको अलावा)</td>
<td rowspan="4">·पसलमा काम गर्नेहरू चाहिँ सम्भव भएसम्म PCR जाँच गर्नुहोस्।<br><br>·पसलमा प्रवेश गर्ने मानिसहरूको सङ्ख्या कम गर्नुहोस्।<br>·ज्वरो आएको मानिसलाई पसलमा प्रवेश गर्न नदिनुहोस्।<br>·आफ्नो हात सधैँ सफा बनाउन सक्ने उपाय मिलाउनुहोस्। किटाणुमुक्त राख्नुहोस्।<br><br>·काम गर्ने ठाउँ सधैँ सफा राख्नुहोस्। किटाणुमुक्त गर्नुहोस्।<br>·पसलमा प्रवेश गर्नेहरूलाई अनिवार्य रूपमा मास्क लगाउन अनुरोध गर्नुहोस्।<br>·ज्वरो आएको मानिस, मास्क नलगाएको मानिस, हातलाई किटाणुमुक्त नगर्ने मानिसलाई पसलमा प्रवेश गर्न नदिनुहोस्।<br>·पसलमा कोही मास्क नलगाइकन बोल्छ, ठूलो आवजमा बोल्छ वा नजिक आएर बोल्छ भने उसलाई पसलबाट निस्कन अनुरोध गर्नुहोस्।<br>·पसलमा सफा हावा सधैँ पास हुन दिनुहोस्।<br>·कुराकानी गर्दा नोभल कोरोनाबाट सङ्क्रमण हुन नदिन आफू बसेको सिटलाई टाढा सार्नुहोस् वा अनुहार-अनुहारको बिचमा पार्टिसन राख्नुहोस्।<br>· “व्यवसायको निर्देशन” पछ्याउनुहोस्।<br><br></td></tr>
<tr><td>पाचिन्को पसल,<br>गेम सेन्टर आदि</td></tr>
<tr><td>व्यक्तिगत कोठा भएको बाथ व्यवसायसँग सम्बन्धित पब्लिक बाथहाउस, व्यक्तिगत कोठा भएको भिडियो पसल आदि</td></tr>
<tr><td>सुपर पब्लिक बाथ, सोन्दर्य सेवा उद्योग आदि</td></tr>
</table>

# अनुरोध गरिने सुविधाहरू (इभेन्ट)

| सुविधा-उदाहरण | अनुरोध गरिएका कुराहरू |
|---|---|
| सङ्ग्रहालय, कला सङ्ग्रहालय, चिडियाखाना आदि | ■चर्को नकराउने इभेन्ट<br>※क्षमता=प्रवेश गर्ने ग्राहकहरूको सङ्ख्या<br>・5,000 वा त्योभन्दा कम क्षमता भएको:क्षमताले भ्याएसम्म<br>・5,000 भन्दा बढी ~10,000 जना वा कम क्षमता भएको:5,000 जना सम्म<br>・10,000 भन्दा बढी ~20,000 जना वा कम क्षमता भएको:क्षमताको आधासम्म<br>・20,000 भन्दा बढी क्षमता भएको:10,000 जनासम्म<br>■चर्को कराउने इभेन्ट(☑दुवैमा आवश्यक छ)<br>☑10,000 जना सम्म<br>☑क्षमताको 50% सम्म<br><br>● सुविधा खोल्न सक्ने समय : बिहान 5 बजेदेखि राति 9 बजेसम्म<br>● मदिरा उपलब्ध नगराउनुहोस्।<br>● ग्राहकले सुविधाभित्र मदिरा लिएर आउन पनि सक्दैन।<br>● कारावके गर्न सकिने पसल<br>・एउटा कोठामा धेरै जना भेला हुन नदिनुहोस्।<br>・सधैँ सफा हावा पास हुन दिनुहोस्।<br>・नोभेल कोरानाबाट सङ्क्रमण हुन नदिन सावधानी अपनाउनुहोस्। |
| बेसबल फिल्ड, व्यायामशाला, खेलकुद क्लब आदि | |
| मुभि थिएटर, थिएटर, मनोरञ्जन हल आदि | |
| थिम पार्क, मनोरञ्जन पार्क | |
| सम्मेलन हल, पब्लिक हल आदि | |
| प्रदर्शनालय, साँस्कृतिक सेन्टर आदि | |
| होटेल・र्‍योकान (ब्याङ्क्वेट हल मात्र) | |

# अनुरोध गरिने सुविधाहरू (इभेन्ट)

| सुविधा-उदाहरण | अनुरोध गरिएका कुराहरू |
| --- | --- |
| सङ्ग्रहालय, कला सङ्ग्रहालय, चिडियाखाना आदि | ·सुविधामा काम गर्नेहरू चाहिँ सम्भव भएसम्म PCR जाँच गर्नुहोस्।<br>·सुविधाभित्र प्रवेश गर्ने मानिसहरूको सङ्ख्या कम गर्नुहोस्।<br>·ज्वरो आएको मानिसलाई सुविधाभित्र प्रवेश गर्न नदिनुहोस्।<br>·आफ्नो हात सधैँ सफा बनाउन सक्ने उपाय मिलाउनुहोस्। किटाणुमुक्त राख्नुहोस्।<br>·काम गर्ने ठाउँ सधैँ सफा राख्नुहोस्। किटाणुमुक्त गर्नुहोस्।<br>·सुविधाभित्र प्रवेश गर्नेहरूलाई अनिवार्य रूपमा मास्क लगाउन अनुरोध गर्नुहोस्।<br>·ज्वरो आएको मानिस, मास्क नलगाएको मानिस, हातलाई किटाणुमुक्त नगर्ने मानिसलाई सुविधाभित्र प्रवेश गर्न नदिनुहोस्।<br>·सुविधाभित्र कोही मास्क नलगाइकन बोल्छ, ठूलो आवजमा बोल्छ वा नजिक आएर बोल्छ भने उसलाई सुविधाभित्रबाट निस्कन अनुरोध गर्नुहोस्।<br>·सुविधाभित्र सफा हावा सधैँ पास हुन दिनुहोस्।<br>·कुराकानी गर्दा नोभल कोरोनाबाट सङ्क्रमण हुन नदिन आफू बसेको सिटलाई टाढा सार्नुहोस् वा अनुहार-अनुहारको बिचमा पार्टिसन राख्नुहोस्।<br>· “व्यवसायको निर्देशन” पछ्याउनुहोस्। |
| बेसबल फिल्ड, व्यायामशाला, खेलकुद क्लब आदि | |
| मुभि थिएटर, थिएटर, मनोरञ्जन हल आदि | |
| थिम पार्क, मनोरञ्जन पार्क | |
| सम्मेलन हल, पब्लिक हल आदि | |
| प्रदर्शनालय, साँस्कृतिक सेन्टर आदि | |
| होटेल·र्‍योकान (ब्याङ्क्वेट हल मात्र) | |





